# Mat

## Chapter 4

Nepali Interlinear

Reference: Nepali ERV

1

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Τότε | ὁ | Ἰησοῦς | ἀνήχθη | εἰς | τὴν | ἔρημον | ὑπὸ | τοῦ | Πνεύματος |
| तब | – | येशूलाई | लगियो | –मा | – | उजाडस्थानमा | –द्वारा | – | आत्माद्वारा |
| G5119 | G3588 | G2424 | G0321 | G1519 | G3588 | G2048 | G5259 | G3588 | G4151 |

| | | | |
|---|---|---|---|
| πειρασθῆναι | ὑπὸ | τοῦ | διαβόλου. |
| परीक्षा–हुन | –द्वारा | – | शैतानद्वारा |
| G3985 | G5259 | G3588 | G1228 |

> यसपछि आत्माले येशूलाई मरुभूमिमा लगेर गयो। दुष्टात्माद्वारा परीक्षा गर्नको निम्ति त्यहाँ लगिएको थियो।

2

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| καὶ | νηστεύσας | ἡμέρας | τεσσεράκοντα | καὶ | τεσσεράκοντα, | νύκτας | ὕστερον |
| र | उपवास–गरेर | दिन | चालीस | र | चालीस | रात | पछि |
| G2532 | G3522 | G2250 | G5062 | G2532 | G5062 | G3571 | G5305 |

| |
|---|
| ἐπείνασεν. |
| भोकाए |
| G3983 |

> चालीस दिन र चालीस रात येशूले केही खानु भएन। यसपछि उहाँ भोकाउनु भयो।

3

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| καὶ | προσελθὼν | ὁ | πειράζων, | εἶπεν | αὐτῷ, | Εἰ | Υἱὸς | εἶ | τοῦ | Θεοῦ, |
| र | आएर | – | परीक्षा–गर्नेले | भन्नुभयो | उनलाई | यदि | पुत्र | हौ | – | परमेश्वरको |
| G2532 | G4334 | G3588 | G3985 | G3004 | G0846 | G1487 | G5207 | G1510 | G3588 | G2316 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| εἰπὲ, | ἵνα | οἱ | λίθοι | οὗτοι | ἄρτοι | γένωνται. |
| भन | ताकि | यी | ढुङ्गाहरू | यी | रोटी | बनून् |
| G3004 | G2443 | G3588 | G3037 | G3778 | G0740 | G1096 |

> शैतान येशू कहाँ परीक्षा गर्नलाई आयो र भन्यो, "यदि तपाईं परमेश्वरका पुत्र हुनूहुन्छ भने यी ढुङ्गाहरू रोटी होऊन् भनी आज्ञा दिनुहोस्।"

4

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ὁ | δὲ | ἀποκριθεὶς, | εἶπεν, | Γέγραπται, | Οὐκ | ἐπ’ | ἄρτῳ | μόνῳ | ζήσεται | ὁ |
| उनले | तर | उत्तर–दिँदै | भन्नुभयो | लेखिएको–छ | रोटीमा | – | रोटीमा | मात्रै | बाँच्दैन | – |
| G3588 | G1161 | G0611 | G3004 | G1125 | G3756 | G1909 | G0740 | G3441 | G2198 | G3588 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ἄνθρωπος, | ἀλλ’ | ἐπὶ | παντὶ | ῥήματι | ἐκπορευομένῳ | διὰ | στόματος | Θεοῦ. |
| मानिस | तर | – | हरेक | वचनमा | निस्कने | –बाट | मुखबाट | परमेश्वरको |
| G0444 | G0235 | G1909 | G3956 | G4487 | G1607 | G1223 | G4750 | G2316 |

> जवाफमा येशूले भन्नुभयो, "धर्मशास्त्रमा यस्तो लेखिएकोछ, 'मानिस रोटी खाएर मात्र बाँच्दैन। परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ।'"
> व्यवस्था 8:3

5

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Τότε | παραλαμβάνει | αὐτὸν | ὁ | διάβολος | εἰς | τὴν | ἁγίαν | πόλιν, | καὶ | ἔστησεν |
| तब | लग्यो | उनलाई | – | शैतानले | –मा | – | पवित्र | शहरमा | र | खडा–गरायो |
| G5119 | G3880 | G0846 | G3588 | G1228 | G1519 | G3588 | G0040 | G4172 | G2532 | G2476 |

| | | | | | |
|---|---|---|---|---|---|
| αὐτὸν | ἐπὶ | τὸ | πτερύγιον | τοῦ | ἱεροῦ, |
| उनलाई | –माथि | – | चुरामा | – | मन्दिरको |
| G0846 | G1909 | G3588 | G4419 | G3588 | G2411 |

> त्यसपछि शैतानले येशूलाई पवित्र शहर यरूशलेममा लग्यो। त्यो दुष्टात्माले येशूलाई मन्दिरको गजूरमाथि राख्यो।

6

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| καὶ | λέγει | αὐτῷ, | Εἰ | Υἱὸς | εἶ | τοῦ | Θεοῦ, | βάλε | σεαυτὸν | κάτω: |
| र | भन्नुभयो | उनलाई | यदि | पुत्र | हौ | – | परमेश्वरको | फाल्नुहोस् | आफैंलाई | तल |
| G2532 | G3004 | G0846 | G1487 | G5207 | G1510 | G3588 | G2316 | G0906 | G4572 | G2736 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| γέγραπται | γὰρ, | ὅτι | Τοῖς | ἀγγέλοις | αὐτοῦ | ἐντελεῖται | περὶ | σοῦ, | καὶ | ἐπὶ |
| लेखिएको-छ | किनकि | कि | – | दूतहरूलाई | आफ्ना | आज्ञा-दिनुहुनेछ | -बारेमा | तपाईंबारेमा | र | – |
| G1125 | G1063 | G3754 | G3588 | G0032 | G0846 | G1781 | G4012 | G4771 | G2532 | G1909 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| χειρῶν | ἀροῦσίν | σε, | μή‿ | ποτε | προσκόψῃς | πρὸς | λίθον | τὸν | πόδα |
| हातहरूमा | समात्नेछन् | तपाईंलाई | कहिल्यै-पनि | कहिल्यै-पनि | ठोक्किनोस् | -मा | ढुङ्गामा | – | खुट्टा |
| G5495 | G0142 | G4771 | G3361 | G4219 | G4350 | G4314 | G3037 | G3588 | G4228 |

| |
|---|
| σου. |
| तपाईंको |
| G4771 |

> शैतानले भन्यो, “यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हाम फाल्नुहोस्। किनभने धर्मशास्त्रमा यस्तो लेखिएको छ, ‘परमेश्वरले तपाईंको निम्ति स्वर्गदूतहरूलाई खटाउनु हुनेछ, अनि तिनीहरूले तपाईंलाई हात-हातमा उचाल्नेछन्, जसद्वारा, तपाईंको खुट्टाहरू ढुङ्गामा बजारिने छैनन्।’” भजनसंग्रह 91:11-12

7

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ἔφη | αὐτῷ | ὁ | Ἰησοῦς, | Πάλιν | γέγραπται, | Οὐκ | ἐκπειράσεις | Κύριον | τὸν |
| भन्नुभयो | उनलाई | – | येशूले | फेरि | लेखिएको-छ | परीक्षा-नगर | परीक्षा-नगर | प्रभु | – |
| G5346 | G0846 | G3588 | G2424 | G3825 | G1125 | G3756 | G1598 | G2962 | G3588 |

| | |
|---|---|
| Θεόν | σου. |
| परमेश्वर | तिम्रो |
| G2316 | G4771 |

> येशूले जवाफ दिनुभयो, “धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ, ‘तैंले परमप्रभु आफ्नो परमेश्वरलाई परीक्षा नगर्नु।’” व्यवस्था 6:16

8

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Πάλιν | παραλαμβάνει | αὐτὸν | ὁ | διάβολος | εἰς | ὄρος | ὑψηλὸν | λίαν, | καὶ |
| फेरि | लग्यो | उनलाई | – | शैतानले | -मा | पहाड | अग्लो | अत्यन्तै-मा | र |
| G3825 | G3880 | G0846 | G3588 | G1228 | G1519 | G3735 | G5308 | G3029 | G2532 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| δείκνυσιν | αὐτῷ | πάσας | τὰς | βασιλείας | τοῦ | κόσμου | καὶ | τὴν | δόξαν | αὐτῶν, |
| देखायो | उनलाई | सबै | – | राज्यहरू | – | संसारका | र | – | वैभव | तिनको |
| G1166 | G0846 | G3956 | G3588 | G0932 | G3588 | G2889 | G2532 | G3588 | G1391 | G0846 |

> त्यसपछि शैतानले येशूलाई एउटा अति अल्गो पर्वतमा पुर्यायो। उसले येशूलाई संसारका सबै राज्यहरू, त्यहाँ भएका वैभव देखायो।

9

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| καὶ | εἶπεν | αὐτῷ, | Ταῦτά | σοι | πάντα | δώσω, | ἐὰν | πεσὼν, | προσκυνήσῃς | μοι. |
| र | भन्नुभयो | उनलाई | यी-सबै | तिमीलाई | सबै | दिन्छु | यदि | घोप्टो-परेर | दण्डवत्-गर्छौ | मलाई |
| G2532 | G3004 | G0846 | G3778 | G4771 | G3956 | G1325 | G1437 | G4098 | G4352 | G1473 |

> शैतानले भन्यो, “यदि तपाईंले घोप्टो परेर मलाई दण्डवत् गर्नुभयो भने, यी सब थोक म तपाईंलाई दिनेछु।”

10

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| τότε | λέγει | αὐτῷ | ὁ | Ἰησοῦς, | Ὕπαγε, | Σατανᾶ; | γέγραπται | γάρ, | Κύριον | τὸν |
| तब | भन्नुभयो | उनलाई | – | येशूले | जाउ | शैतान | लेखिएको-छ | किनकि | प्रभु | – |
| G5119 | G3004 | G0846 | G3588 | G2424 | G5217 | G4567 | G1125 | G1063 | G2962 | G3588 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| θεόν | σου | προσκυνήσεις, | καὶ | αὐτῷ | μόνῳ | λατρεύσεις. |
| परमेश्वर | तिम्रो | दण्डवत्-गर्नेछौ | र | उहाँको-मात्रै | मात्रै | सेवा-गर्नेछौ |
| G2316 | G4771 | G4352 | G2532 | G0846 | G3441 | G3000 |

> येशूले शैतानलाई भनुभयो, “म देखि टाढा भइहाल, शैतान! धर्मशास्त्रमा यस्तो लेखिएको छ, ‘तैंले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत् गर्नु पर्छ। अनि उहाँकै मात्र सेवा गर्नु पर्छ।’” व्यवस्था 6:13

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | Τότε | ἀφίησιν | αὐτὸν | ὁ | διάβολος, | καὶ | ἰδοὺ, | ἄγγελοι | προσῆλθον | καὶ | διηκόνουν | αὐτῷ. |
| | तब | छोड्यो | उनलाई | – | शैतानले | र | हेर | दूतहरू | आए | र | सेवा–गरे | उनलाई |
| | G5119 | G0863 | G0846 | G3588 | G1228 | G2532 | G3708 | G0032 | G4334 | G2532 | G1247 | G0846 |

> त्यसपछि शैतानले येशूलाई छोडिदियो। त्यसपछि केही स्वर्गदूतहरू येशूकहाँ आएर उहाँको सेवा-टहल गरे।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 12 | Ἀκούσας | δὲ | ὅτι | Ἰωάννης | παρεδόθη, | ἀνεχώρησεν | εἰς | τὴν | Γαλιλαίαν: |
| | सुनेर | अनि | कि | योहान्नेस | पक्राउ–परेको–छ | गयो | –मा | – | गालीलमा |
| | G0191 | G1161 | G3754 | G2491 | G3860 | G0402 | G1519 | G3588 | G1056 |

> येशूले यूहन्ना थुनामा परे भन्ने कुरा सुन्नु भयो। त्यसपछि उहाँ गालील तर्फ लाग्नुभयो।

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 13 | καὶ | καταλιπὼν | τὴν | Ναζαρὰ, | ἐλθὼν, | κατῴκησεν | εἰς | Καφαρναοὺμ, | τὴν | παραθαλασσίαν, | ἐν | ὁρίοις | Ζαβουλὼν | καὶ | Νεφθαλίμ, |
| | र | छोडेर | – | नाजरेथ | आएर | बस्यो | –मा | कफरनाहूममा | – | समुद्र–किनारको | –मा | सीमानामा | जबूलून | र | नफ्तालीको |
| | G2532 | G2641 | G3588 | G3478 | G2064 | G2730 | G1519 | G2584 | G3588 | G3864 | G1722 | G3725 | G2194 | G2532 | G3508 |

> येशू नासरतमा बस्नु भएन। उहाँ गालिल झीलको नजिकको कर्फनहुम नगरमा बस्नु भयो। कर्फनहुम, जबुलून अनि नप्तालीका क्षेत्रमा पर्छ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 14 | ἵνα | πληρωθῇ | τὸ | ῥηθὲν | διὰ | Ἠσαΐου | τοῦ | προφήτου, | λέγοντος, |
| | ताकि | पूरा–होस् | त्यो | भनिएको–वचन | –मार्फत | यशैयाह | – | अगमवक्तामार्फत | भन्नुभएको |
| | G2443 | G4137 | G3588 | G2046 | G1223 | G2268 | G3588 | G4396 | G3004 |

> येशूले यशैया अगमवक्ताद्वारा बोलिएको यिनै वचनलाई पूरा गर्नका निम्ति यसो गर्नु भयो:

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | Γῆ | Ζαβουλὼν | καὶ | γῆ | Νεφθαλίμ, | ὁδὸν | θαλάσσης, | πέραν | τοῦ | Ἰορδάνου, | Γαλιλαία | τῶν | ἐθνῶν. |
| | भूमि | जबूलूनको | र | भूमि | नफ्तालीको | बाटो | समुद्रको | पारि | – | यर्दनको | गालील | – | जातिहरूको |
| | G1093 | G2194 | G2532 | G1093 | G3508 | G3598 | G2281 | G4008 | G3588 | G2446 | G1056 | G3588 | G1484 |

> “सुन! जबुलून र नप्तालीको मुलुक, यर्दन नदीपारिको क्षेत्र, समुन्द्रको किनारा तिरजाने बाटो- गालील, गैर-यहूदीहरूको मुलुक।

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 16 | ὁ | λαὸς | ὁ | καθήμενος | ἐν | σκοτίᾳ, | φῶς | εἶδεν | μέγα, | καὶ | τοῖς | καθημένοις | ἐν | χώρᾳ | καὶ | σκιᾷ | θανάτου, | φῶς | ἀνέτειλεν | αὐτοῖς. |
| | – | जनता | जो | बसिरहेको | –मा | अन्धकारमा | ज्योति | देख्यो | ठूलो | र | – | बस्नेहरूलाई | –मा | देशमा | र | छायामा | मृत्युको | ज्योति | चम्कियो | तिनीहरूमाथि |
| | G3588 | G2992 | G3588 | G2521 | G1722 | G4653 | G5457 | G3708 | G3173 | G2532 | G3588 | G2521 | G1722 | G5561 | G2532 | G4639 | G2288 | G5457 | G0393 | G0846 |

> जहाँका मानिसहरू आत्मिकि अन्धकारमा थिए, तिनीहरूले एउटा ठूलो ज्योति देखे। अँध्यारो मुलुकमा बस्नेहरूको निम्ति ज्योति चम्कियो। जो मुलुकको चिहान जस्तै ठाउँमा बाँच्न परेको थियो।” यशैया 9:1-2

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 17 | Ἀπὸ | τότε | ἤρξατο | ὁ | Ἰησοῦς | κηρύσσειν | καὶ | λέγειν, | Μετανοεῖτε, | ἤγγικεν | γὰρ | ἡ | βασιλεία | τῶν | οὐρανῶν. |
| | –देखि | तबदेखि | शुरु–गर्नुभयो | – | येशूले | घोषणा–गर्न | र | भन्न | मन–फेराउ | नजिक–आएको–छ | किनकि | – | राज्य | – | स्वर्गको |
| | G0575 | G5119 | G0756 | G3588 | G2424 | G2784 | G2532 | G3004 | G3340 | G1448 | G1063 | G3588 | G0932 | G3588 | G3772 |

> यसै बेलादेखि येशूले प्रचार गर्न थाल्नुभयो। उहाँले भन्नलाग्नुभयो, “तिमीहरू पश्चताप गर अनि आफ्नो रहन-सहन परिवर्तन गर, किनभने, स्वर्गको राज्य नजिक आइपुगेको छ।”

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 18 | Περιπατῶν | δὲ | παρὰ | τὴν | θάλασσαν | τῆς | Γαλιλαίας, | εἶδεν | δύο | ἀδελφούς, |
| | हिँड्दै | अनि | –किनार | – | समुद्रकिनार | – | गालीलको | देख्नुभयो | दुई | दाजुभाइहरू |
| | G4043 | G1161 | G3844 | G3588 | G2281 | G3588 | G1056 | G3708 | G1417 | G0080 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Σίμωνα | τὸν | λεγόμενον | Πέτρον, | καὶ | Ἀνδρέαν | τὸν | ἀδελφὸν | αὐτοῦ, | βάλλοντας |
| शिमोन | – | भनिने | पत्रुस | र | आन्द्रियास | – | दाजुभाइ | उनको | फाल्दै |
| G4613 | G3588 | G3004 | G4074 | G2532 | G0406 | G3588 | G0080 | G0846 | G0906 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ἀμφίβληστρον | εἰς | τὴν | θάλασσαν; | ἦσαν | γὰρ | ἁλιεῖς. |
| जाल | –मा | – | समुद्रमा | थिए | किनकि | माछा–मार्नेहरू |
| G0293 | G1519 | G3588 | G2281 | G1510 | G1063 | G0231 |

> गालील झीलका छेउ भएर येशू हिँडिरहनु भएको थियो। उहाँले दुइजना दाज्यू-भाइलाई देख्नुभयो पत्रुस भनिने शिमोन र तिनको भाइ अन्द्रियास दुवै दाज्यू-भाइ माछामार्ने जालहारी थिए। अनि तिनीहरूले समुन्द्रमा जाल हानेर माछा मार्दै थिए।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 19 | καὶ | λέγει | αὐτοῖς, | Δεῦτε | ὀπίσω | μου, | καὶ | ποιήσω | ὑμᾶς | ἁλιεῖς |
| | र | भन्नुभयो | तिनीहरूलाई | आउ | पछि | मपछि | र | बनाउनेछु | तिमीहरूलाई | माछा–मार्नेहरू |
| | G2532 | G3004 | G0846 | G1205 | G3694 | G1473 | G2532 | G4160 | G4771 | G0231 |

| |
|---|
| ἀνθρώπων. |
| मानिसहरूका |
| G0444 |

> येशूले भन्नुभयो, “मेरो पछि लाग र म तिमीहरूलाई मानिसहरूका जलहारी बनाउनेछु।”

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 20 | οἱ | δὲ | εὐθέως | ἀφέντες | τὰ | δίκτυα, | ἠκολούθησαν | αὐτῷ. |
| | तिनीहरूले | अनि | तुरुन्तै | छोडेर | – | जालहरू | पछ्याए | उनलाई |
| | G3588 | G1161 | G2112 | G0863 | G3588 | G1350 | G0190 | G0846 |

> शिमोन र अन्द्रियास दुवैले आफ्नो जालहरू त्यति नै बेला छाडिदिए र येशूको पछिलागे।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 21 | Καὶ | προβὰς | ἐκεῖθεν, | εἶδεν | ἄλλους, | δύο | ἀδελφούς, | Ἰάκωβον | τὸν | τοῦ |
| | र | अघि–गएर | त्यहाँबाट | देख्नुभयो | अरू | दुई | दाजुभाइहरू | याकूब | – | – |
| | G2532 | G4260 | G1564 | G3708 | G0243 | G1417 | G0080 | G2385 | G3588 | G3588 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Ζεβεδαίου, | καὶ | Ἰωάννην | τὸν | ἀδελφὸν | αὐτοῦ, | ἐν | τῷ | πλοίῳ | μετὰ | Ζεβεδαίου |
| जब्दियासको | र | योहान्नेस | – | दाजुभाइ | उनको | –मा | – | डुङ्गामा | –सँग | जब्दियाससँग |
| G2199 | G2532 | G2491 | G3588 | G0080 | G0846 | G1722 | G3588 | G4143 | G3326 | G2199 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| τοῦ | πατρὸς | αὐτῶν, | καταρτίζοντας | τὰ | δίκτυα | αὐτῶν; | καὶ | ἐκάλεσεν | αὐτούς. |
| – | बुबासँग | तिनीहरूका | मर्मत–गर्दै | – | जालहरू | आफ्ना | र | बोलायो | तिनीहरूलाई |
| G3588 | G3962 | G0846 | G2675 | G3588 | G1350 | G0846 | G2532 | G2564 | G0846 |

> गालील झील भएर येशू हिंड्दै जानुभयो। उहाँले अरू दुइजना दाज्यू-भाइलाई देख्नुभयो, याकूब र यूहन्ना ती जब्दीका छोराहरू थिए। तिनीहरूले जाल बुन्दै गरेका देख्नु भयो। येशूले ती दुइ दाज्यू-भाइलाई पनि बोलाउनु भयो।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 22 | οἱ | δὲ | εὐθέως, | ἀφέντες | τὸ | πλοῖον | καὶ | τὸν | πατέρα | αὐτῶν, |
| | तिनीहरूले | अनि | तुरुन्तै | छोडेर | – | डुङ्गा | र | – | बुबालाई | आफ्ना |
| | G3588 | G1161 | G2112 | G0863 | G3588 | G4143 | G2532 | G3588 | G3962 | G0846 |

| | |
|---|---|
| ἠκολούθησαν | αὐτῷ. |
| पछ्याए | उनलाई |
| G0190 | G0846 |

> तिनीहरूले पनि तुरन्तै आफ्नो डुङ्गा र आफ्नो बाबुलाई छोडेर येशूको पछि लागे।

23

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Καὶ | περιῆγεν | ἐν | ὅλῃ | τῇ | Γαλιλαίᾳ, | διδάσκων | ἐν | ταῖς | συναγωγαῖς |
| र | हिँड्नुभयो | –मा | सबै | – | गालीलमा | सिकाउँदै | –मा | – | सभाघरहरूमा |
| G2532 | G4013 | G1722 | G3650 | G3588 | G1056 | G1321 | G1722 | G3588 | G4864 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| αὐτῶν, | καὶ | κηρύσσων | τὸ | εὐαγγέλιον | τῆς | βασιλείας, | καὶ | θεραπεύων | πᾶσαν |
| तिनीहरूका | र | घोषणा–गर्दै | – | सुसमाचार | – | राज्यको | र | निको–गर्दै | सबै |
| G0846 | G2532 | G2784 | G3588 | G2098 | G3588 | G0932 | G2532 | G2323 | G3956 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| νόσον | καὶ | πᾶσαν | μαλακίαν | ἐν | τῷ | λαῷ. |
| रोग | र | सबै | दुर्बलता | –मा | – | जनतामा |
| G3554 | G2532 | G3956 | G3119 | G1722 | G3588 | G2992 |

> येशूले गालीलका सबै ठाउँहरूमा यात्रा गर्नुभयो। उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन लाग्नुभयो अनि स्वर्गको राज्यको बारेमा सुसमाचार प्रचार गर्नुभयो। उहाँले मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक कमजोरीहरूलाई निको पार्नुभयो।

24

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| καὶ | ἀπῆλθεν | ἡ | ἀκοὴ | αὐτοῦ | εἰς | ὅλην | τὴν | Συρίαν. | καὶ | προσήνεγκαν |
| र | फैलियो | – | खबर | उहाँको | –मा | सबै | – | सिरियामा | र | ल्याए |
| G2532 | G0565 | G3588 | G0189 | G0846 | G1519 | G3650 | G3588 | G4947 | G2532 | G4374 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| αὐτῷ | πάντας | τοὺς | κακῶς | ἔχοντας | ποικίλαις | νόσοις | καὶ | βασάνοις | συνεχομένους, |
| उनकहाँ | सबै | – | नराम्रो | भएकाहरू | विभिन्न | रोगहरू | र | पीडाहरूले | ग्रस्त |
| G0846 | G3956 | G3588 | G2560 | G2192 | G4164 | G3554 | G2532 | G0931 | G4912 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| [καὶ] | δαιμονιζομένους, | καὶ | σεληνιαζομένους, | καὶ | παραλυτικούς; | καὶ | ἐθεράπευσεν |
| र | भूत–लागेका | र | चन्द्र–रोगी | र | लकवा–रोगीहरूलाई | र | निको–गर्नुभयो |
| G2532 | G1139 | G2532 | G4583 | G2532 | G3885 | G2532 | G2323 |

| |
|---|
| αὐτούς. |
| तिनीहरूलाई |
| G0846 |

> उहाँको कीर्ति सिरियाभरि फिंजियो, अनि मानिसहरूले शारीरिक रूपले रोगी भएका सबै रोगीहरूलाई उहाँकहाँ ल्याउन थाले। ती रोगी मानिसहरू अनेक प्रकारका रोग र कष्टले पीडित थिए। कतिजना मानिसहरू एकदमै नराम्रो रोगले पीडित थिए भने कतिजना भूत-प्रेत र पिशाच लागेकाहरू थिए। कतिजना छारेरोग लागेकाहरू र कतिजना पक्षघात भएकाहरू थिए। येशूले तिनीहरू सबैलाई निको पार्नुभयो।

25

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| καὶ | ἠκολούθησαν | αὐτῷ | ὄχλοι | πολλοὶ | ἀπὸ | τῆς | Γαλιλαίας | καὶ | Δεκαπόλεως, |
| र | पछ्याए | उनलाई | भीडहरू | ठूला | –बाट | – | गालीलबाट | र | देकापोलिसबाट |
| G2532 | G0190 | G0846 | G3793 | G4183 | G0575 | G3588 | G1056 | G2532 | G1179 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| καὶ | Ἱεροσολύμων | καὶ | Ἰουδαίας, | καὶ | πέραν | τοῦ | Ἰορδάνου. |
| र | यरूशलेमबाट | र | यहूदियाबाट | र | पारिबाट | – | यर्दनबाट |
| G2532 | G2414 | G2532 | G2449 | G2532 | G4008 | G3588 | G2446 |

> धेरै-धेरै मानिसहरूले उहाँलाई पछ्याउन लागे। ती मानिसहरू गालील, डेकापोलिस + 4:25 डेकापोलिस अर्थ दश शहर गालीलको पूर्व इलाका जहाँ पहिलो दशवाट मुख्य शहरहरू थिए। यरूशलेम, यहूदिया तथा यर्दन नदी पारिका अन्य इलाकाबाट आएकाहरू थिए।